# रिब्दीकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# खस्यौली पाल्पा

## मिनि टिलर खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मिति :०७४/१२/८

यस रिब्दीकोट गाउँपालिका,कृषि समन्वय इकाई खस्यौली पाल्पामा २३ वटा मिनिटिलर खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक मिनि टिलर सप्लायरकर्ता का लागि निम्न शर्तको अधिनमा रहि रितपूर्वक सिलबन्दी दरभाउ पत्र आह्वान गरिन्छ

१. यो सूचना प्रकाशित मितिले १५ दिन भित्र रु.१०००/(एक हजार मात्र)॥ फिर्ता नहुने गरि तिरी दरभाउ पत्र फारम प्रोपराइटर वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयबाट खरिद गर्न सक्ने छ।

२. दरभाउ खरिद गर्दा फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,आ.व.०७४/०७५ को नविकरण , कर चुक्ता प्रमाण पत्र तथा मुल्य अभिवृद्दि करमा दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

३. खरिद गरिएको दरभाउ पत्र फारम नियमानुसार भरि सूचना प्रकाशित मितिले १६ दिनको १२.००वजे भित्र यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र दाखिला गर्न सकिने छ। दाखिला हुन आएका दरभाउ पत्र सोही दिनको २.०० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउ पत्र दाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थित नभएता पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन.।

४.दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको अर्को दिन अफिस समय भित्र फारम बुझाउन सकिने छ।

५. दरभाउ पत्रको दररेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा प्रस्ट लेखिएको हुनु पर्नेछ।

६.कुनै शर्त राखि पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

७. कार्यालयबाट उपलब्ध दरभाउपत्र फारममा थपघट गरिएको, रित नपुगेको ,म्याद नाघि पेश हुन आएको दरभाउ प्रत्र उपर कुनै कारवाही गरिने छैन। तथा दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

८. अन्य कुराको जानकारीको लागि यस कार्यालय समय भित्र वा सम्पर्क नं. ०७५६९२३०७ मा सम्पर्क गर्न सक्नु हुनेछ।

९. यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली२०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ

| सि.नं. | ठेक्का न. | कामको विवरण | ल.ई.रकम भ्याट र कन्टेन्जेन्सी सहित | जमानत बापत रकम | दरभाउ पत्र फारम दस्तुर रकम |
|---|---|---|---|---|---|
| १ | ०२/०७४/०७५ | २३ थान मिनि टिलर खरिद | १९५५०००/ | ५००००/ | १०००/ |

प्रमुख प्रशासकीय अधिकृत